बैठक संख्या ४९ मिति २०७७०१।२६

आज मिति २०७७०१।२६ गतेका दिन दिउसो १२.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३. श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७. श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरु | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल

**वैठक संख्या ४९** **मितिः २०७७/०१/२६**

**प्रस्तावहरुः**

१. समिक्षा
२. हरिहर आश्रम भवन निर्माण सिफारिस सम्बन्धमा ।
३. सोलार लिफ्टिङ्ग योजना स्वीकृत सम्बन्धमा ।
४. कार्यपालिका विषयगत समिति सम्बन्धमा ।
५. फोहर शुल्क उठाउने सम्बन्धमा ।
६. बाटो मर्मत सम्बन्धमा।
७. गाउँपालिका भवन वहुवर्षिय लगानी सम्बन्धमा ।
८. कृषि उत्पादनमा प्राथमिकता सम्बन्धमा।
९. प्रदेश सरकारमा आयोजना, कार्यक्रम प्रस्ताव पेश सम्बन्धमा ।
१०. प्रदेश, संघीय सरकारमा योजना माग प्रस्ताव सम्बन्धमा ।
११. कृषि महोत्सव खर्च सम्बन्धमा ।
१२. राहत सम्बन्धमा ।
१३. नदीजन्य पदार्थ उत्खनन सम्बन्धमा ।
१४. विपद व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरुः**

१. समीक्षा: राहत सामग्री वितरण, कोरोना रोकथाम नियन्त्रण कोषको रकमको आम्दानी खर्चको प्रगती लगायतका विषयमा छलफल एवं समीक्षा गरियो ।

२. हरिहर सन्यास आश्रममा परमानन्द संस्कृत गुरुकुल विद्यापिठ निर्माणको लागि ३,७२,२०,०८१/- (अक्षरुपी तिन करोड बहत्तर लाख बिस हजार एकासी रुपैया मात्र) सम्बन्धित निकायमा सिफारिस दिने तथा हाल स्रोतको अभाव रहेकोले उक्त रकम भन्दा बढी लागत लाग्ने भएमा बढी हुने लागत रकम मध्ये सन्यास आश्रमले नै व्यहोर्नु पर्ने निर्णय गरियो ।

३. राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रमबाट प्राप्त रकम रु. ११,५९,०००/- (अक्षरुपी एघार लाख उन्साठी हजार रुपैया) र लागत सहभागीता स्वरुप गाउँपालिकाबाट रु. १०,००,०००/- (अक्षरुपी दश लाख रुपैया) गरि जम्मा रु. २१,५९,०००/- (अक्षरुपी एक्काईस लाख उन्नसाठी हजार रुपैया) देवघाट २ खाल्टेमा कालीगण्डकी नदी किनारबाट सोलार लिफ्टिङ्गबाट पानी तानी सिंचाई गर्नको लागि खाल्टे मगर टोल सोलार लिफ्टिङ्ग सिंचाई योजना सम्पन्न गर्नको लागि स्वीकृत गर्ने निर्णय गरियो

४. कार्यपालिका विधायन समिति: कार्यपालिकामा पेश हुने नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डको दफाबाट छलफल गरी राय सुझाव सहित कार्यपालिका वैठकमा पेश गर्नको लागि तपशिल अनुसार एक विधायन समिति गठन गर्ने निर्णय गरियो ।
तपशिल:
क) ५ नं. वडाध्यक्ष श्री याल बहादुर गुरुङ - संयोजक

दुर्गा बहादुर थापा
अध्यक्ष

दुर्ग बहादुर थापा
अध्यक्ष

ख) १ नं. वडाध्यक्ष श्री भिम बहादुर गुरुङ - सदस्य
ग) ४ नं. वडाध्यक्ष श्री पदम बहादुर गुरुङ - सदस्य
घ) कार्यपालिका सदस्य श्री याम माया गुरुङ - सदस्य
ङ) कार्यपालिका सदस्य श्री चन्द्र प्रकाश वि.क. - सदस्य
च) श्री दुर्ग बहादुर राना - सदस्य सचिव

५. निर्देशिका बमोजिम फोहर मैला व्यवस्थापन गर्न वडा नं. १ र ५ मा फोहोर उठाउन गाउँपालिकाको साधन पठाउने र फोहोर उठाए बापत घर धनीले लागत सहभागिता स्वरुप तपशिल अनुसारको शुल्क मासिक रुपमा गाउँपालिकामा बुझाउने निर्णय गरियो साथै उक्त रकम टोल विकास समितिबाट उठाउने र गाउँपालिकामा बुझाउने व्यवस्था हुन सकेमा उठेको रकमको १०% सम्बन्धीत टोल विकास संस्थालाई उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल:

क) सामान्य आवासीय घर रु. ३०/-
ख) व्यापारिक घर/शटर रु. ५०/-
ग) ठुला होटल, आश्रम रु. १००/-

६. हाल परेको पानीले गर्दा बाटो क्षति बएको खाल्डा खुल्डी परेकोले इष्टिमेट अनुसार मुख्य बाटोहरु मर्मत गर्ने निर्णय गरियो ।

७. वहुवर्षिय योजना देहाय बमोजिम छनौट गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | योजनाको नाम | कुल लागत | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका भवन निर्माण | ९,२६,०४,६५० | १,००,००,००० | ४,००,००,००० | ४,२६,०४,६५० | गा.पा., प्रदेश, संघिय सरकार, निर्वाचन क्षेत्र, पूर्वाधार र अन्य |
| २ | वडा नं. १ कार्यालय भवन निर्माण | डिपिआर अनुसार | - | ४०,००,००० | डिपिआर अनुसार | |
| ३ | वडा नं. ५ कार्यालय भवन निर्माण | डिपिआर अनुसार | - | ४०,००,००० | बाँकी सबै | |
| ४ | सिंच्याङ्ग सार्वाङ्ग सडक | डिपिआर अनुसार | २०,००,००० | १,००,००,००० | १,००,००,००० | |
| ५ | साउने कर्तापि सडक | डिपिआर अनुसार | - | १,००,००,००० | १,००,००,००० | |

८. कृषि उत्पादनमा प्राथमिकता: कृषि उत्पादन बढाउन परामर्श सेवा लिई आगामी आ.व. मा कृषिलाई जोड दिने गरी योजना तथा कार्यक्रम तर्जुमा तथा छनौट गर्ने र सो को लागि आगामी आ.व. मा रु. ३,००,००,०००/- रकम विनियोजन गर्ने गरी वजेट तर्जुमा गर्ने निर्णय गरियो ।

९. प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले विशेष र समपुरक आयोजना, कार्यक्रम प्रस्ताव पेश गर्ने सूचना भए अनुसार तपशिलका योजना छनौट गरी पठाउने निर्णय गरियो ।

दुर्ग बहादुर थापा

दुर्गा बहादुर थापा
अध्यक्ष

क) समपुरक अनुदानको लागि योजना
 १) साउने कर्तापे सडक (देवघाट ५, १ र ४)
 २) भर्जन खोला खेल मैदान (देवघाट ५)
 ३) सिंच्याङ्ग सार्वाङ्ग सडक (देवघाट ४)

ख) विशेष योजना
 १) छेरङ्गा खोला खाल्टे सिंचाई योजना (देवघाट २)
 २) पशु विकास फर्म (देवघाट १)
 ३) झारखानी लिफ्टिङ्ग खानेपानी योजना (देवघाट ५)

१०. गाउँपालिकाको स्रोतको सिमितता रहेको तर तपशिल अनुसारका योजनाहरु अति आवस्यक रहेकोले प्रदेश र संघीय सरकारमा माग गर्ने निर्णय गरियो ।

**प्रदेशमा माग गर्ने योजनाहरु:**

क) पशु विकास फर्म देवघाट १
ख) कृषि अनुसन्धान केन्द्र देवघाट २
ग) जनजाती संग्राहालय देवघाट ४
घ) बञ्चरे पहाड स्तरोन्नती
ङ) वडा नं. ५ सिंचाई योजना

**संघमा माग गर्ने योजनाहरु:**

क) भरतपुर २९ र देवघाट ४ जोड्ने त्रिशुली नदी पक्की पुल
ख) देवघाट २ छेरङ्गा खोला खाल्टे सिंचाई योजना
ग) देवघाट २ र व्यास १४ सेती नदीमा पक्की पुल
घ) गैंडाको ३ र देवघाट १ काली गण्डकी नदीमा पक्की पुल
ङ) देवघाट ३ र बन्दिपुर ६ सेती नदीमा पक्की पुल
च) घण्टाचुली पर्यटन गुरु योजना
छ) गाईघाट गल्याङ्ग पाल्पा कृषि पर्यटन मोटर मार्ग

११. कृषि महोत्सव: गाउँपालिकाबाट मिति २०७६/०८/२७ देखि २०७६/०८/२९ सम्म सञ्चालन भएको सो महोत्सवमा कृषि मेला, प्रदर्शनी, कार्यपत्र पस्तुत, माटो परीक्षण, कृषक पुरस्कार तथा कृषि सम्बन्धी सांस्कृतिक कार्यक्रम आदी आयोजना गर्दा लागेको खर्च रु. १३,०३,७३२/- (अक्षेरुपी तेह्र लाख तिन हजार सात सय बत्तिस रुपैया) सम्बन्धित शिर्षक र नपुग रकम अन्य शिर्षकबाट रकमान्तरण गरी भुक्तानी दिने निर्णय गरियो ।

१२. राहत: कोराना रोकथाम तथा नियन्त्रणको लागि भएको लकडाउनबाट प्रभावित असंगठित क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने परिवार विपन्न परिवारलाई यस अघी ९५१ जनालाई राहत सामग्री वितरण गरिएकोमा लकडाउन लम्बिएको र खाद्यान्न सामग्रीको अभाव भएकोले दैनिक जिवन चलाउन असहज भएको हुँदा दोस्रो चरणमा वडाध्यक्ष मार्फत उक्त परिवारहरुको विवरण लिई राहत सामग्री वितरण गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

सुवेदी

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

दुर्ग बहादुर थापा
अध्यक्ष

१३. नदीजन्य पदार्थ: गाउँपालिका वडा नं. ५ को तपशिल अनुसारको नदी घाटबाट तपशिल अनुसारको परिमाणमा नदीजन्य पदार्थ उत्खनन गर्नको लागि ठेक्का सम्झौता भएको तर लकडाउनको कारण ठेकेदारले उत्खनन गर्न नसकेको, ठेकेदारले ५०% रकम जम्मा गरिसकेको, उत्खनन हुन नसकेमा गाउँपालिकाको राजश्वमा कमी भई स्वीकृत योजना कार्यान्वयन हुन नसक्ने तथा जम्मा भईसकेको राजश्वबाट योजनामा खर्च भईसकेको तथा जेष्ठ मसान्त भित्र उत्खनन पनि गरि सक्नु पर्ने भएकोले मानवीय शक्तिबाट उत्खनन गर्न सम्भव नभएकोले तोकिएको परिमाण भन्दा बढी उत्खनन हुन नदिन गाउँपालिकाले दैनिक अनुगमन गर्ने तथा रेकर्ड राख्ने गरी तथा कोरोना संक्रमण नहुने गरी सुरक्षाको विधि अपनाउने गरी मेशिन प्रयोग गरी उत्खनन गरी स्टक राख्नको लागि दिनका लागि उक्त घाटमा मेशिन प्रयोग गरी उत्खनन गर्न अनुमती को लागि सिफारिस गर्ने निर्णय गरियो ।

**तपशिल:**

| क्र.सं. | नदी घाटको नाम | उत्खनन परिमाण | रकम |
|---|---|---|---|
| १ | त्रिशुली नदी भुवनटार घाट | ३०,००० घ.मि. | ७७,६०,५५४.६६ |
| २ | काली गण्डकी नदी काली भतेरी घाट | ३०,००० घ.मि. | ५०,८८,८८८.३८ |

१४. गत महिनामा हावाहुरी, असिना पानीले क्षती पुर्याएको भौतिक संरचना (घर) को लागी वडा सिफारिस र प्रहरी मुचुल्का प्राप्त भएपछि अधिकतम रु. ५,०००/- देखि १०,०००/- सम्म क्षति हेरी गाउँपालिका अध्यक्ष स्तरको निर्णयले भुक्तानी दिने र तपशिल अनुसारको क्षतिमा तपशिल अनुसारको भुक्तानी दिने निर्णय गरियो ।

तपशिल:

क) एकदेव वि.क. (देवघाट-२ तनहुँ रु. ३०,०००.०० (तिस हजार रुपैया मात्र)

ख) खड्क बहादुर दर्जी देवघाट – २ खाल्टे रु. १,१५,३३०.१० (एक लाख पन्ध्र हजार तिन सय तिस रुपैया पैसा दश मात्र)

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३